श्रीकृष्ण

जिल्लामा दुखी: भुकम्प पिडितहरूलाई धन नं. पं. बाट रू० ५,००१।- पाँच हजार एक रुपैया सहायता प्रदान गर्ने आजको बैठकले निर्णय गर्दछ।

(२) श्री ५ महाराजधिराज बीरेन्द्र बिर बिक्रम शाहदेव सरकारबाट असिम निगाहा बक्सी कोशी कटानपाट भएको अपार धनजनको क्षतीका साथै दुखी: जनताप्रति सहानुभुति दर्शाइ सो क्षेत्रको ०३८ श्रावण २० गते निरीक्षण गरी बक्सी आफ्नो अमुल्य समय दिई बक्सेकोमा र जनताको पिर मार्का हटाउनका साथै नहर समेत निर्माण र सुधार गर्ने तर्फ बिभिन्न सम्बन्धित निकायहरूलाई विभिन्न निर्देशन समेत बक्सेकोले मौसुफ सरकारमा चरण नगर पञ्चायत सह्रभक्तीपूर्वक कृतज्ञता ज्ञापन गर्ने निर्णय गर्‍यो।

आगामी ०३८ साल भाद्र ४ गते श्री ५ मुमाबडामहारानी रत्न राज्य लक्ष्मी देवी शाह सरकारको ५३ औं शुभ जन्मोत्सव र बाल दिवस समेत मनाउन गठित समितिलाई रू० ७००।- सात सय आठ सात दिने निर्णय गर्दछ।

[signatures]

सभा संख्या - १
बैठक संख्या - १

(३३२)

समय : २.३० बजे बाट
मिति : ०२७।६।२२।

## सदस्य वर्गको उपस्थिती

| वार्ड | नाम | | | दस्तखत |
|---|---|---|---|---|
| १० | श्रीमान | प्रधान पंच | कृष्ण कुमार राई ज्यू | |
| २ | श्रीमान | उपप्रधान पंच | श्याम गोविन्द श्रेष्ठ ज्यू | |
| १ | श्रीमान | सदस्य | इन्द्र प्रसाद श्रेष्ठ ज्यू | |
| २ | श्रीमान | सदस्य | गणेश प्रसाद श्रेष्ठ ज्यू | |
| ३ | श्रीमान | सदस्य | मोतीराज ताम्राकार ज्यू | |
| ४ | श्रीमान | सदस्य | जनार्दन प्रसाद आचार्य ज्यू | |
| ५ | श्रीमान | सदस्य | भगवान थापा ज्यू | भगवान थापा |
| ६ | श्रीमान | सदस्य | चन्द्र शेखर श्रेष्ठ ज्यू | |
| ७ | श्रीमान | सदस्य | कुश बहादुर तामाङ्ग ज्यू | |
| ८ | श्रीमान | सदस्य | सुवास सुब्बा ज्यू | |
| ९ | श्रीमान | सदस्य | शंकर प्रसाद आचार्य ज्यू | शंकर |
| १० | श्रीमान | सदस्य | शमशेर बहादुर गुरुङ्ग ज्यू | |
| ११ | श्रीमान | सदस्य | दुर्गा खड्का ज्यू | |
| १२ | श्रीमान | सदस्य | सुरेस कुमार श्रेष्ठ ज्यू | |
| १३ | श्रीमान | सदस्या | मिन कुमारी पाख्रीन ज्यू | |
| १४ | श्रीमान | सदस्य | भोजराज खनाल ज्यू | |
| १५ | श्रीमान | सदस्य | श्रीप्रसाद मोक्तान ज्यू | |
| १६ | श्रीमान | सदस्य | धृतिमान सिंह कार्की ज्यू | |
| १७ | श्रीमान | सदस्य | तेज प्रसाद राई ज्यू | |
| १८ | श्रीमान | सदस्य | धर्मराज राई ज्यू | |
| १९ | श्रीमान | सदस्या | तुलसी शर्मा ज्यू | |

आज ०२७ साल भाद्र २२ गते आईतवार का दिन श्रीमान प्रधान पंच कृष्ण कुमार राई ज्यू का अध्यक्षतामा बसेको ध.न.पं. को बोर्ड बैठक बाट निम्न प्रस्ताव मा छलफल गरी निम्न प्रस्ताव तर्फ सर्वसम्मति बाट निर्णय गर्दछ।

प्रस्ताव नं १.

निर्णय

ध. न. पं. का. को दैनीक कार्यहरु छिटो छरितो गर्न आ.व. ०२७।२८ को लागी मिति ०२६।५।४।५ मा गठित समितीलाई आजको बैठकबाट विघटन गरी आ. सा. का सरह नै काम कार्य काम गर्न नियम अनुशार को समिती गठन गर्ने निर्णय पारीयो।

(क) कर समिती

| | | |
|---|---|---|
| १) श्री वा.अ. तेजप्रसाद राई | | अध्यक्ष |
| २) श्री ,, | मोतीराज ताम्राकार | सदस्य |
| ३) श्री न.स.स. | राममोहन पल्लीखे | ,, ,, |
| ४) श्री ,, ,, | शम्भु कार्की | ,, ,, |

(ख) खानेपानी समिति

| | | |
|---|---|---|
| १) श्री वा.अ. | चन्द्रशेखर श्रेष्ठ | अध्यक्ष |
| २) श्री ,, ,, | श्रीमती तुलसी शर्मा | सदस्य |
| ३) श्री ,, ,, | प्रवास सुब्बा | ,, ,, |
| ४) श्री न.स.स. | मानबहादुर राई | ,, ,, |
| ५) श्री ,, ,, | पद्ममान सिंह श्रेष्ठ | ,, ,, |

(ग) स्वास्थ्य समिति

| | | |
|---|---|---|
| १) श्री वा.अ. | भोजराज खनाल | अध्यक्ष |
| २) श्री ,, ,, | शमशेर बहादुर गुरुङ | सदस्य |
| ३) श्री न.स.स. | बलराम थापा | ,, ,, |

(घ) निर्माण तथा योजना समिति

| | | |
|---|---|---|
| १) श्री वा.अ. | श्रीप्रसाद भोकाल | अध्यक्ष |
| २) श्री ,, ,, | धर्मराज राई | सदस्य |
| ३) श्री न.स.स. | नरकुमार राई | ,, ,, |

(ङ) कोटा समिति

| | | |
|---|---|---|
| १) श्री वा.अ. | इन्द्रप्रसाद श्रेष्ठ | अध्यक्ष |
| २) श्री न.स.स. | शंकर थापा गाँउले | सदस्य |
| ३) श्री वा.अ. | सुरेश श्रेष्ठ | ,, ,, |

(च) भरनकरा समिति

| | | |
|---|---|---|
| १) श्री वा.अ. | भगवान थापा | अध्यक्ष |
| २) श्री ,, ,, | गणेशप्रसाद श्रेष्ठ | सदस्य |
| ३) श्री न.स.स. | माधवप्यारा श्रेष्ठ | ,, ,, |

(छ) न्यायिक समिति

| | | |
|---|---|---|
| १) श्री उ.प्र.पै. | श्यामगोविन्द श्रेष्ठ | अध्यक्ष |
| २) श्री न.स.स. | राजेन्द्रबहादुर थापा | सदस्य |
| ३) श्री ,, ,, | भूपाल सिंह | ,, ,, |

(ज) ~~खेलकुद समिति~~ विकास तथा संस्कृति समिति

१) श्री वा. अ. कुलबहादुर तामाङ — अध्यक्ष
२) श्री न. स. स. माधव बास्तोला — सदस्य
३) श्री ,, ,, रमेश राई — ,, ,,
४) श्री ,, ,, राम कुमार राई — ,, ,,
५) श्री ,, ,, देव श्रेष्ठ — ,, ,,

(झ) भू तथा वन संरक्षण समिति

१) श्री वा. अ. दुर्गा खड्का — अध्यक्ष
२) श्री न. स. स. बलराम सुबेदी — सदस्य
३) श्री ,, ,, भवनाथ गिरी — ,, ,,

(ञ) विद्युत समिति

१) श्री वा. अ. शिवप्रसाद आचार्य — अध्यक्ष
२) श्री ,, ,, धर्मनारायण सिंह कार्की — सदस्य
३) श्री श्रीमती किरनकुमारी पारस्रीन — ,, ,,

विविध

प्रस्ताव नं.: ४

कोशी नदीको अप्रत्याशित बाढबाट महेन्द्रनगर गाउँ पञ्चायत तथा प्रकाशपुर गाउँ पञ्चायतका पिडीत जनताहरूलाई सहयोग गर्न आवश्यक देखिएकोले मानवीय दृष्टिकोणबाट उक्त दुई पञ्चायतलाई क्रमशः रु. ३,०००।– र रु. ३,०००।– का दरले रकम स्वीकृत गरी सहयोग प्रदान गर्ने निर्णय गरीयो।

आजको बैठक ८ बजे समाप्त गरीयो।

समय :- ४ बजे
मिति-०३१।८।५

सभास्थल:-
बैठक संख्या:-

## सदस्यवर्गको उपस्थिति-

| वडा नं. | नाम | दस्तखत |
|---|---|---|
| १० | श्री मान प्रधान पंच कृष्णकुमार राई ज्यू | |
| २ | श्री " सदस्य उपप्रधान पंच श्यामगोविन्द श्रेष्ठ " | |
| १ | श्री " " ईन्द्रप्रसाद श्रेष्ठ " | |
| २ | श्री " " गणेशप्रसाद श्रेष्ठ " | |
| ३ | श्री " " मोतीराज ताम्राकार " | |
| ४ | श्री " " जनार्दन प्रसाद आचार्य " | |
| ५ | श्री " " भगवान थापा " | |
| ६ | श्री " " चन्द्रशेखर श्रेष्ठ " | |
| ७ | श्री " " कुशबहादुर तमाङ " | |
| ८ | श्री " " सुवास सुब्बा " | |
| ९ | श्री " " शंकरप्रसाद आचार्य " | |
| १० | श्री " " राजेश्वरबहादुर गुरुङ " | |
| ११ | श्री " " दुर्गा खड्का " | |
| १२ | श्री " " सुरेशकुमार श्रेष्ठ " | |
| १३ | श्री " " श्रीमती मित्रकुमारी पारश्रीन " | |
| १४ | श्री | |
| १५ | श्री " " श्रीप्रसाद मुखिया " | |
| १६ | श्री " " छत्रमान सिं कार्की " | |
| १७ | श्री " " तेजप्रसाद राई " | |
| १८ | श्री " " धर्मराज राई " | |
| १९ | श्री " " श्रीमती तुलसी शर्मा " | |

आज २०३१ साल मार्ग ५ गते (विहीवार) का दिन श्रीमान प्रधान पंच कृष्णकुमार राई ज्यू को अध्यक्षतामा बसेको धरान नगर पं. को बैठकबाट निम्न प्रस्तावमा विस्तृत छलफल गरी निम्न प्रस्ताव सर्वसम्मतिबाट निर्णय गरियो।

प्रस्ताव नं. १
निर्णय

१

यस धरान नगर पंचायतका कर्मठ पञ्च वडा अध्यक्ष श्री भोजराज खनाल ज्यू गत कार्तिक ४ गतेका दिन बस दुर्घटनामा परी विराटनगर अस्पताल मा उपचार हुन नसकी भारतको इण्डियन इन्स्टिच्युट अफ मेडिकल कलेज, दिल्लीमा औषधोपचारको निमित्त लगिएकोमा आज

मिती २०३८।८।५ का दिन बिहान २ बजे तिर उहाँको अकस्मात असामयिक निधन भएको दुःखद समाचार प्राप्त भएकोले उहाको दिवंगत आत्माको चीर शान्तिको लागि ईश्वर संग प्रार्थना गर्दै उहाको शोक सन्तप्त परिवार लाई गहीरो समवेदना पठाउने एवम शोक सन्तप्त परिवारलाई यस्तो दुःखद घडीको सामना गर्ने शक्ति ईश्वरले ~~प्र~~दिउन भन्दै प्रार्थना ~~गरिको~~ गर्दै आजको बैठकमा गहिरो समवेदना प्रस्ताव पारित गरियो ।

स्व. श्री भोजराज खनालज्यूको यस नगर पञ्चायतमा लामो ~~समय~~ अवधिको सहवास तथा क्रियाशील योगदान रहेको छ । कार्यवाहक प्रधान पञ्चको रूपमा पनि उहाको योगदान रहेको छ। उहाँको दिवंगत आत्माको सम्मानमा भोलि मंसीर ६ गते नगर पञ्चायतको कार्यालय बिदा गर्ने निर्णय गरियो ।

[illegible]
बैठक संख्या : १

(३४२)

समय : ४ बजे बेलुकी
मिति : ०३६।८।१६

## सदस्य वर्गको उपस्थिति

| वार्ड | नाम | हस्ताक्षर |
|---|---|---|
| १० | श्रीमान, प्रधानपञ्च कमल कुमार राई ज्यू | |
| २ | श्रीमान, उपप्रधान पञ्च श्याम गोविन्द श्रेष्ठ ज्यू | |
| १ | श्रीमान, सदस्य, इन्द्र प्रसाद श्रेष्ठ ज्यू | |
| २ | श्रीमान, सदस्य, गणेश प्रसाद श्रेष्ठ ज्यू | |
| ३ | श्रीमान, सदस्य, मोतीराज ताम्राकार ज्यू | |
| ४ | श्रीमान, सदस्य, जनार्दन आचार्य ज्यू | |
| ५ | श्रीमान, सदस्य, भगवान थापा ज्यू | |
| ६ | श्रीमान, सदस्य, चन्द्र शेखर श्रेष्ठ ज्यू | |
| ७ | श्रीमान, सदस्य, कुश बहादुर तामाङ ज्यू | |
| ८ | श्रीमान, सदस्य, शुभाष सुब्बा ज्यू | |
| ९ | श्रीमान, सदस्य, शंकर प्रसाद आचार्य ज्यू | |
| १० | श्रीमान, सदस्य, शमशेर बहादुर गुरुङ ज्यू | |
| ११ | श्रीमान, सदस्य, दुर्गा खड्का ज्यू | |
| १२ | श्रीमान, सदस्य, सुरेश कुमार श्रेष्ठ ज्यू | |
| १३ | श्रीमान, सदस्य, मीन कुमारी पाण्डे ज्यू | |
| १५ | श्रीमान, सदस्य, श्रीप्रसाद मोक्तान ज्यू | |
| १६ | श्रीमान, सदस्य, हनुमान सिंह कार्की ज्यू | |
| १७ | श्रीमान, सदस्य, तेजप्रसाद राई ज्यू | |
| १८ | श्रीमान, सदस्य, धर्म राज राई ज्यू | |
| १९ | श्रीमान, सदस्य, तुलसी शर्मा ज्यू | |

आज ०३६ साल मंसिर १६ गते श्रीमान प्रधान पञ्च कमल कुमार राई ज्यू को अध्यक्षतामा बसेको धरान नं. पं. को बोर्ड बैठकबाट निम्न विषयहरूमा प्रस्तुत छलफल गरी निम्न प्रस्ताव सर्व सम्मती बाट पारित गर्दछ।

प्रस्ताव नं. १

निर्णय

धरान नगर पञ्चायतले संचालन गरिएको खानेपानी योजना खानेपानी तथा ढल विकास संस्थानलाई हस्तान्तरण गर्ने सम्बन्धी छलफल हुदा निर्णयमा पुग्न नसकिएकोले भोली ०३६।८।१६ गते ४ बजे पुनः बैठक बस्ने गरी स्थगित गरियो।

सभा संख्या:
बैठक संख्या: २

(३४४)

स्थान: [illegible]
मिति: ०३६।८।१६

## सदस्य वर्गको उपस्थिति

| वार्ड | नाम | | हस्ताक्षर |
|---|---|---|---|
| १० | श्रीमान प्रधान पंच | कृष्ण कुमार राई ज्यू | [signature] |
| २ | श्रीमान उप-प्रधान पंच, | श्याम गोविन्द श्रेष्ठ ज्यू | [signature] |
| १ | श्रीमान सदस्य, | इन्द्र प्रसाद श्रेष्ठ ज्यू | [signature] |
| २ | श्रीमान सदस्य, | गणेश प्रसाद श्रेष्ठ ज्यू | [signature] |
| ३ | श्रीमान सदस्य, | मोतीलाल ताम्राकार ज्यू | [signature] |
| ४ | श्रीमान सदस्य, | जनार्दन आचार्य ज्यू | [signature] |
| ५ | श्रीमान सदस्य, | भगवान थापा ज्यू | [signature] |
| ६ | श्रीमान सदस्य, | चन्द्र शेखर श्रेष्ठ ज्यू | [signature] |
| ७ | श्रीमान सदस्य, | कुल बहादुर तामाङ ज्यू | [signature] |
| ८ | श्रीमान सदस्य, | [illegible] कुँवर ज्यू | [signature] |
| ९ | श्रीमान सदस्य, | शंकर प्रसाद आचार्य ज्यू | [signature] |
| १० | श्रीमान सदस्य, | शमशेर बहादुर गुरुङ ज्यू | [signature] |
| ११ | श्रीमान सदस्य, | दुर्गा खड्का ज्यू | [signature] |
| १२ | श्रीमान सदस्य, | सुरेश कुमार श्रेष्ठ ज्यू | [signature] |
| १३ | श्रीमान सदस्या | मिन कुमारी पाख्रीन ज्यू | |
| १५ | श्रीमान सदस्य, | [illegible] मोक्तान ज्यू | [signature] |
| १६ | श्रीमान सदस्य, | हितमान सिंह कार्की ज्यू | |
| १७ | श्रीमान सदस्य, | तेज प्रसाद राई ज्यू | [signature] |
| १८ | श्रीमान सदस्य, | धर्मराज राई ज्यू | [signature] |
| १९ | श्रीमान सदस्या | तुलसी शर्मा ज्यू | [signature] |

आज २०३६ साल मंसीर १६ गते श्रीमान् प्रधान पंच कृष्ण कुमार राई ज्यूको अध्यक्षतामा बसेको [illegible] बोर्ड बैठक बाट मिति ०३६।८।१६ गतेको बाँकी रहन गएको विषय हरुमा छलफल गरी निम्न प्रस्तावहरु सर्वसम्मतीबाट पारित गर्दछ।

प्रस्ताव नं. १

निर्णय

धरान नगर पंचायतले संचालन गरी रहेको खानेपानी-को व्यवस्था खाने पानी तथा ढल निकाश समितीलाई हस्तान्तरण गर्ने सम्बन्धमा उक्त समितीबाट मिति ०३६।८।२८ मा प्राप्त पत्र माथी छलफल हुँदा निम्न लिखित निर्णय गरीयो र सोही अनुसार खाने पानी तथा ढल निकाश समितीलाई लेखी पठाउने

[signature]

निर्णय गरियो।

(१) खाने पानी तथा ढल निकाश समितीबाट प्राप्त मुल्याङ्कन चार्टमा यस नगर पंचायतको खानेपानी तर्फको सम्पतीको मुल्याङ्कन रु. १६,८१,०००।- गरीएको छ मुल्याङ्कनको आधार हेर्दा मुल्याङ्कन रकम निकै कम देखिएको र ह्रास कट्टा गरीएको आधार पनि चित्त बुझ्दो नभएकोले दुबै पक्षलाई मान्य हुने गरी मुल्याङ्कनको पुर्नविचार गरी तय गर्ने।

(२) उपोक्त मुल्याङ्कन सन १९७९ सम्मको सम्पतीको हिसाब गरी गरिएको बुझिएकोले त्यस पछी नगर पंचायतबाट खाने पानी सम्बन्धी बिस्तार कार्यहरु, पानी टंकी निर्माण, मेन पाइप लाइन जडान आदीमा भएको खर्चको रकम तथा तत्कालीन धोपा एवम बांकगा। गा॰ पं॰ बाट हस्तान्तरण भएको खाने पानी सम्बन्धी रकम समेतको मुल्याङ्कन गरी उपोक्त मुल्याङ्कन रकममा थप गर्ने।

(३) खाने पानी व्यवस्था खाने पानी तथा ढल निकाश समितीलाई हस्तान्तरण गर्को मिति आघि खाने पानी सम्बन्धी महशुल लगाएत अन्य लेन देन दिनु पर्ने वा लिनु पर्ने सबै नगर पंचायतको दायित्व रहने छ।

(४) खाने पानी तथा ढल निकाश समितीको पत्रमा नगर पंचायतबाट हस्तान्तरण हुने कर्मचारीहरुको संख्या १८ जना मात्र उल्लेख भएको देखिएकोले कर्मचारीहरुको तथ्याङ्क लिंदा छुट हुन गएको देखिन्छ। हाल सम्म खाने पानी तर्फका कर्मचारीहरुको संख्या ३८ भएकोले ती सबै कर्मचारीहरुलाई नगर पंचायतमा खाई पाई आएको तलब, भत्ता, नघट्ने गरी खाने पानी तथा ढल निकाश समितीले आफ्नो दरबन्दीमा मिलान गर्ने गरी लिनु पर्ने छ। हस्तान्तरण हुने मिती अगाडी सम्मको ती कर्मचारीहरुको गोश्वारा सेवा अवधीको सुविधा न॰ पं॰ को नियमानुसार दिइने छ।

(५) खाने पानी तथा ढल निकाश समितीलाई हस्तान्तरण भए पछी हाल सम्म नगर पंचायत क्षेत्रमा जडान भएका सार्वजनीक धाराहरु तथा पछी आवश्यकतानु-सार जडान गर्नु पर्ने । सार्वजनीक धाराहरुको मासिक महशुल नगर पंचायतबाट तिर्नु नपर्ने व्यवस्था हुनु पर्छ।

(६) नगर पंचायतबाट संचालीत खाने पानी व्यवस्था मुलत: पंचायतको निजी श्रोतबाट संचालन भएकोले खाने पानी तथा ढल निकाश समितीलाई हस्तान्तरण गर्दा सो सम्पतीको क्षति पूर्ति नगर पंचायतले पाउनु पर्छ।

(७) उपरोक्त कुराहरु सम्बन्धमा खाने पानी तथा ढल निकाश समिती एवम् आवश्यक भए श्री ५ को सरकार संग कुराकानी गरी अन्तीम टुङ्गो लगाउन नगर पंचायतको खाने पानी समितीलाई पूर्ण अधिकार दिइएको छ।

२०२६ साल पौष १४ गते अगावै खाने पानी समितीले यस सम्बन्धमा आवश्यक कार्बाहि गरी अन्तीम टुङ्गो लगाई नगर पंचायत बोर्डलाई जानकारी गराउने र सोही बमोजीम न० पं० ले संचालन गरी आएको खाने पानी व्यवस्था खाने पानी तथा ढल निकाश समितीलाई २०२६ पौष १४ गते श्री ५ महाराजाधिराज सरकारको शुभ जन्मोत्सवको शुभ उपलक्षमा बिधिवत हस्तान्तरण गरीने छ।

बिबिध -(क)

(१) न० पं० कार्यालयमा रहेको धेरै बर्ष अगाडी देखिको पुरानो मोटरकार पानी सम्बधको माल सामानहरु काम नलाग्ने भैं स्टोरमा रहेको हुंदा ती सामानहरु राखी राख्नु भन्दा लिलाम बढाबढ गरी दिएमा केहि रकम आउने हुंदा श्री मान प्रधान पंच ज्यूको निर्देशानुसार नियमानुसार लिलाम बढाबढ गराउने निर्णय गरियो।

(३५०)

(३) धरान नगर पंचायत क्षेत्रभित्रको सफाई गर्ने कामको लागी प्रयोग गरिएको को० अं० ७३ को टीपर गाडी ज्यादै पुरानो भै काम नदिने भएको र पेट्रोल खर्च समेत बढी हुने भएकोले सो को सट्टामा श्रीमान प्र० पं० ज्यू को आदेशानुसार मोडर्न अटो वर्क्स ।बिराटनगरबाट एस्कोर्ट कम्पनीको ३५ अश्वशक्तीको डिजेल ट्रेक्टरको रु. ८६,०००। छयासी हजार र सो को ट्रेलरको रु. १४,५००। समेत जम्मा रु. १,००,५००। एकलाख पाँचसय रुपैयामा ३ किस्तामा भुक्तानी दिने शर्तमा मिती २०३६।७।१० मा पहिलो किस्ता रु. ३५,५००। दिई खरीद गरी ल्याएको र बाँकी रकम ६५,०००। पैसठी हजार ३ महिना भित्र ३ किस्ता गरी भुक्तानी दिने शर्त गरेकोमा आजको बैठकले अनुमोदन गरी एको छ। न० पं० को पुरानो को० अं० ७३ को टीपर को आवश्यकता नभएकोले नियमानुसार लिलाम बढाबढ गरी दिने निर्णय गरीयो।

(२) न० पं० बोर्ड बैठकबाट खर्चको अनुमोदन गर्ने गरी श्रीमान प्रधान पंच ज्यू को आदेश तथा निर्देशन अनुसार निम्नलिखित कार्यमा खर्च भएको जम्मा रु ४१,३४९। आवश्यकतानुसार खर्च भएकोले आजको बैठकबाट उक्त खर्च रकम अनुमोदन गर्ने निर्णय गरीयो।

(१) अलकत्रा (पिच) ड्राम ३१ को प्रती ड्राम रु. ४६०। ले खरीद गरिएको जम्मा रु ———— १४,२६०।

(२) ध० न० पं० कार्यालयको लागी मोडर्न अटो वर्क्स बिराटनगरबाट खरीद गरिएको राजदुत मोटर साइकल १ को रु० ———— १५,३३१।

(३) बिष्णु पादुका गा० पं० बाट ४" इन्च को जि० आई० पाइप खरीद गरेको जम्मा फुट ६५० को प्रती फुटको दर रु० १५। ले हुने रु० ———— ९७५०।

(४) वार्ड नं० १६ का वार्ड अध्यक्ष श्री ओमराज खनाल मिती ०३६।७।४ मा बस दुर्घटनामा परी सख्त घाइते हुनु भै इलाज गराउन बिराटनगर अस्पतालमा भर्ना भै रहेको अवस्थामा उपचार खर्च बापत दिइएको आर्थिक सहायता रु ———— २०००।

(५) वडा नं. ६ भार्‍याचोक स्थितमा लगत स्टमेट अनुसार शौचालय अमानतबाट बनाउन शुरु गरी ९५% प्रतीशत काम पुरा भै सकेकोले अमानतबाट गरीएको कामलाई आजको बैठकले अनुमोदन गर्ने निर्णय गरीयो।

।बिविध-(ख)

(१) वार्ड नं. १७, १८, १९ र ११ समेतमा वाय बेण्ड भएको सडकलाई रु. १००,०००/- एकलाख सम्म खर्च गरी पिच गर्ने निर्णय गरियो।

(२) वडा नं. १ लगाएत बजार क्षेत्रीयाभीत्रका पिच सडक हरु टुट फुट भै यातयात समेतमा बाधा परी रहेकोले सो सडक हरुमा रु. ३५०००/- पैंतीस हजारमा नबढाई पिच मर्मत गर्ने निर्णय गरियो।

(३) श्री ५ को सडक विभागले न.पं. क्षेत्रभित्र १ एक किलो मिटर बाटो पिच गर्ने भन्ने बुझीएकोले त्यसरी १ किलो मिटर पिच हुने सडकमा वडा नं. ५ देखि वडा नं. ९ महेन्द्र क्याम्पस सम्म र बाँकी माग वडा नं. १२ देखि वडा नं. ११ जहा सम्म हुन्छ त्यहाँ सम्म पिच गरी दिने भनी सम्बन्धित विभागमा अनुरोध गरी पठाउने निर्णय गरीयो।

(४) जनमत संग्रह शान्त वातावरणमा सुसम्पन्न भै सुधार सहितको पंचायती व्यवस्था विजयी भएको परिप्रेक्षमा यस बर्षको १८ औं स्व. श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवश २०३६ साल मार्ग २९ र पौष १ र २ गते ३ दिन भव्य रुपमा मनाउन श्रीमान प्र.पं. ज्यु को अध्यक्षतामा स्व. श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवश समारोह समिती गठन गरीने छ। उक्त समितीको सचिव पदमा वडा नं. ८ का वडा अध्यक्ष श्री जनार्दन प्रसाद आचार्य रहनु हुनेछ। सो उत्सव दिवशको लागी रु. ३०००/- तिन हजार मा नबढाई खर्च गर्ने निकाशा गरी दिने।

(५) % राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको आगामी २०३६ साल पौष

१४ गते ३६ औं शुभ जन्मोत्सव भव्य रुपले आगामी पौष १३, १४, र १५ गते ३ दिन सम्म हर्षोउल्लास पूर्वक मनाउन दफा ४ मा उल्लेख भए अनुसार श्री ५ वीरेन्द्र ३६ औं शुभ जन्मोत्सव समारोह समिति गठन गरीएको छ। उक्त शुभ जन्मोत्सव कार्यक्रम को लागी रु० ३०००। तिनहजारमा नबढाई खर्च गर्न निकाशा दिने निर्णय गरीयो। उक्त समितीको सचिवपदमा वा.अ. श्री चन्द्रशेखर श्रेष्ठ ज्यू रहनु हुनेछ।

(६) श्री ५ को सरकार स्थानीय विकाश विभाग बाट आ०व० ०३६/०३८ को लागी यस धरान न० पं० बाट राष्ट्रिय योजना आयोगमा पेश भएको योजनाहरुको लागी निकाशा भै आएको रु० १०००००। एकलाख निम्न लिखित योजनाहरुलाई प्राथमिकता को रुपमा कार्यान्वयन गर्ने निर्णय गरीयो।

(क) वार्ड नं० ८ आर.टि.ओ रोडको वार्ड नं. ८ देखि वार्ड नं० १९ जोडिने खहरेमा पक्कि पुल निर्माण गर्ने।

(ख) वार्ड नं० ७ को राम मन्दीर उत्तर बाट शान्तीपथ मा जाने बाटोमा पर्ने खोल्सीमा पुल निर्माण गर्ने

(ग) वार्ड नं० १७ मा पर्ने सरबोटे खोला लाई सर्दु खोलाको बाँधबाट जोगाउन रुका निर्माण गर्ने।

(घ) उपरोक्त स्वीकृती रकम रु. १,००,०००/= एक लाख मध्ये पहिलो त्रैमासिक रु० २५०००/= पच्चीस हजार प्राप्त भएकोले उक्त रकम उल्लेखित योजनाहरुलाई प्राथमिकता अनुसार नियमानुसार खर्च गर्ने निर्णय गरीयो

विविध -(ग)

संयुक्त अधिराज्यका राजकुमार चार्ल्स को सवारी धरानमा यहि मार्गको तेस्रो हप्तामा हुने भएकोले श्रीमान प्रधान पंचज्यु को अध्यक्षतामा न० पं० का सबै वडा अध्यक्षहरु भएको एक २१ सदस्

राजकुमार चार्ल्सको स्वागत समारोह समिति गठन गर्ने निर्णय गरीयो।

राजकुमार चार्ल्सको भव्य स्वागतको लागी सवारी हुने रुटमा पर्ने वडाहरुमा स्वागत द्वार बनाउने र श्रृङ्गार गर्ने तथा घर सफाई सुग्घरको व्यवस्था गर्ने देहाए बमोजीमको उप-समिति गठन गरियो।

(१) वार्ड नं. १ का अध्यक्ष श्री इन्द्र प्रसाद श्रेष्ठ - अध्यक्ष
(२) वार्ड नं. ८ का " श्री शेखर प्रसाद आचार्य - सदस्य
(३) वार्ड नं. ६ का " श्री चन्द्र शेखर श्रेष्ठ - "

आजको बैठक रातको ८ बजे समाप्त गरीयो।

सभा संख्या:
बैठक संख्या: १



समय: ४ बजे बेलुकी
मिति: ०३६।९।३५

## सदस्य वर्गमा उपस्थिती

| वार्ड | नाम | | हस्ताक्षर |
|---|---|---|---|
| १० | श्रीमान् प्रधान पंच | कृष्ण कुमार राई ज्यू | |
| २ | श्रीमान्, उप प्रधान पंच, | श्याम गोविन्द श्रेष्ठ ज्यू | |
| १ | श्रीमान्, सदस्य, | इन्द्र प्रसाद श्रेष्ठ ज्यू | |
| २ | श्रीमान्, सदस्य, | गणेश प्रसाद श्रेष्ठ ज्यू | |
| ३ | श्रीमान्, सदस्य, | मोतीराज ताम्राकार ज्यू | |
| ४ | श्रीमान्, सदस्य, | जनार्दन आचार्य ज्यू | |
| ५ | श्रीमान्, सदस्य, | भगवान थापा ज्यू | |
| ६ | श्रीमान्, सदस्य, | चन्द्र शेखर श्रेष्ठ ज्यू | |
| ७ | श्रीमान्, सदस्य, | कृष्ण बहादुर तामाङ ज्यू | |
| ८ | श्रीमान्, सदस्य, | सुवास<br>शुभाष सुब्बा ज्यू | |
| ९ | श्रीमान्, सदस्य, | शंकर प्रसाद आचार्य ज्यू | |
| १० | श्रीमान्, सदस्य, | शमशेर बहादुर गुरुङ ज्यू | |
| ११ | श्रीमान्, सदस्य, | दुर्गा खड्का ज्यू | |
| १२ | श्रीमान्, सदस्य | ~~[illegible]~~ शुरेन्द्रकुमार श्रेष्ठ ज्यू | |
| १३ | श्रीमान्, सदस्य, | मिन कुमारी पाउलेन ज्यू | |
| १५ | श्रीमान्, सदस्य, | श्री प्रसाद मोक्तान ज्यू | |
| १६ | श्रीमान्, सदस्य, | धनमान सिंह कार्की ज्यू | |
| १७ | श्रीमान्, सदस्य, | तेज प्रसाद राई ज्यू | |
| १८ | श्रीमान्, सदस्य, | धर्म राज राई ज्यू | |
| १९ | श्रीमान्, सदस्या | जुनाली शर्मा ज्यू | |

आज ०३६ साल पौष ६ गते श्रीमान् प्रधान पंच कृष्ण कुमार राई ज्यू को अध्यक्षतामा बसेको धरान न० पं० को बोर्ड बैठक बस निम्न प्रस्ताव मा छलफल छलफल गरी निम्न प्रस्ताव सर्व सम्मती बाट पारित गर्दछ।

प्रस्ताव नं १

निर्णय

श्री ५ महाराजाधिराज सरकारबाट यहि पौष १ गते नेपालको संविधान तेस्रो संशोधन २०३६ बक्स भएको छ. पंचायत व्यवस्था प्रजातान्त्रीक एवं गतिशिल भएकोले यो व्यवस्थाका मुलभुत प्रजातान्त्रीक आधारहरु कायमै राखि समयानुकुल परिबर्तन हुदै जान स्वभाविकै हो र यहि आधारमा संविधानको तेस्रो संविधान मा निहित बालीग मताधिकारको आधारमा सर्बोच्च बिधायिकाको चुनाव, सर्बोच्च बिधायिकाबाट प्रधान

मन्त्रीको निम्ति श्री ५मा सिफारीश गर्नेको व्यवस्था श्री ५ बाट प्रधान मन्त्री नियुक्ती हुने र मन्त्री परिषद सर्वोच्च विधायिका प्रती जवाफदेही हुनु पर्ने जस्ता सामयिक सुधारहरू स्वागत योग्य छन्।

संविधानको तेस्रो संशोधनबाट श्री ५ को सक्रिय नेतृत्व राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय स्वतन्त्रता र अखण्डताको निम्ति अपरिहार्य छ भन्ने कुरा झन स्पष्ट भएको छ।

अत: संविधानको तेस्रो संशोधनको हार्दिक स्वागत गर्दै श्री ५का जुनाफमा ध्यान नगर पंचायत सभको कृतज्ञता ज्ञापन गर्दछ।

विविध.

(१) ध० न० पं० का निम्नलिखित वार्ड, वार्डमा बस्ने व्यक्तीहरूलाई प्रा० धारा दिने भनी निम्न मितीहरूमा पानी समितीबाट निर्णय भए पछी पानी समितीका तत्कालीन अध्यक्ष समेतले लाग्ने अन्दाज दस्तुर प्रति व्यक्ती बाट रु० १०००= एकहजारका दरले रु. ५०००= पांचहजार असुल गरी पानी पाइप खरीद गरी वार्ड नं० २को सिंह देवी चोक देखि सडक पश्चीम हुँदै वार्ड नं० ३ र ६ सम्म ३", २", र $1\frac{1}{2}$" को पानी पाइप बिछ्याउन गर्दा मौजुदा पाइपबाट अपुग भै $1\frac{1}{2}$"को पानी पाइप जम्मा फुट ५५८$\frac{1}{2}$' खरीद गरी पाइप लाइन बिछ्याउन गर्ने कार्य सम्पन्न गरेको र सोहि काममा कुल्ली समेतलाई मजदुरी दिन पनी पानी समितीबाट निर्णय भए अनुसार वार्ड नं० १० बस्ने धर्मबीर तुलाधरबाट सोहि समयमा रु. १०००/- एकहजार लिई भुक्तानी दिएको बिल भर्पाई पेश हुन आएको जाँच गर्दा रु. ६९९८= खर्च गरेको नियम विपरीत भएता पनि उक्त वार्डको पानी पाइप बिछ्याउन र सुधार गर्ने कार्य आ० ब० ०३५/०३६ मा सम्पन्न भै सकेको हुँदा उक्त रकम तत्कालीन पानी समितीका अध्यक्ष श्री मान बहादुर राईलाई भुक्तानी गरी सोहि रकम

बाट रु. ३०००।- रुपैया असुल गरी धर्मवीर तुलाधर समेत ६ जनाको नाममा नियमानुसार प्रा० धारा दर्ता गरी दिने निर्णय गरियो।

| नाम | वडा नं० | पानी समितीबाट स्वीकृती मिती |
|---|---|---|
| (१) शोभा शाक्य — | २ | ०३५।६।२० |
| (२) पर्वतिमान श्रेष्ठ — | ६ | " " |
| (३) सुर्य बहादुर श्रेष्ठ — | ३ | " " |
| (४) जीवनाथ श्रेष्ठ — | २ | " " |
| (५) रमेश अग्रवाल — | ८ | " " |
| (६) धर्मवीर तुलाधर — | १० | ०३५।६।३० |

विविध २

यस धान नगर पंचायतबाट संचालन भै रहेको खाने पानीको व्यवस्था खाने पानी तथा ढल निकाश समितीलाई हस्तान्तरण गर्ने सम्बन्धमा समितीबाट मिती ०३६।८।२८ को प्रस्ताव पत्र प्राप्त भएकोमा सो सम्बन्धमा मिती ०३६।८।१६ को बैठकमा भएको निर्णयको आधारमा समिती संग सम्पर्क राखि अन्तीम टुङ्गो लगाउने सिल सिलामा ध. न. पं. खाने पानी समितीका अध्यक्ष श्री चन्द्र शोभा श्रेष्ठ काठमाडौं जानु भै समिती संग सम्पर्क राखि छलफल गरी खाने पानी सम्पतीको मुल्याङ्कन रु. ८१,५०००- कायम भएको र हस्तान्तरण गर्ने सम्बन्धी कार्वाहीको व्यहोरा बैठकलाई अवगत गराउनु भै समर्थन गरियो।

विविध - ३

आ० व० २०३६/०३८ को श्रावण महिना देखि श्री ५ को सरकारले रा. प. अनं० का कर्मचारी र पियन वा सो सरह का लाई खाद्य सहुलीयत भत्ता वापत रु. ३०।- का दरले प्रती महिना खाई पाई आएको र यस न० पं० का कर्मचारी हरुलाई उक्त सुविधा नदिएको हुंदा श्री ५ को सरकारका

कर्मचारीले खाई पाई आएं सरह उक्त सहुलियत न० पं० को सर्व कर्मचारीहरूलाई ०३८ श्रावण महिना देखि खाद्य सहुलियत वापतको भत्ता दिने निर्णय गरियो।

आजको बैठक बेलुकी ६ बजे समाप्त गरियो।

सभा संख्या :
बैठक संख्या : १



समय : ४ बजे बेलुका
मिति : ०३६।९।२

## सदस्य वर्गको उपस्थिति

| वार्ड | नाम | | दस्तखत |
| --- | --- | --- | --- |
| १० | श्रीमान्, प्रधानपंच | कृष्णकुमार राई ज्यू | |
| २ | श्रीमान्, उप प्रधान पंच | श्याम गोविन्द श्रेष्ठ ज्यू | |
| १ | श्रीमान्, सदस्य, | इन्द्र प्रसाद श्रेष्ठ ज्यू | |
| २ | श्रीमान्, सदस्य, | गणेशप्रसाद श्रेष्ठ ज्यू | |
| ३ | श्रीमान्, सदस्य, | मोतीलाल [illegible] ज्यू | |
| ४ | श्रीमान्, सदस्य, | जनार्दन आचार्य ज्यू | |
| ५ | श्रीमान्, सदस्य, | भगवान [illegible] | |
| ६ | श्रीमान्, सदस्य, | चन्द्र शेखर श्रेष्ठ ज्यू | |
| ७ | श्रीमान्, सदस्य, | कुल बहादुर तामाङ ज्यू | |
| ८ | श्रीमान्, सदस्य, | [illegible] ज्यू | |
| ९ | श्रीमान्, सदस्य, | शंकर प्रसाद आचार्य ज्यू | |
| १० | श्रीमान्, सदस्य, | शमशेर बहादुर गुरुङ ज्यू | |
| ११ | श्रीमान्, सदस्य, | दुर्गा खड्का ज्यू | |
| १२ | श्रीमान्, सदस्य, | सुरेश कुमार श्रेष्ठ ज्यू | |
| १३ | श्रीमान्, सदस्य, | मीनकुमारी पाख्रिन ज्यू | |
| १५ | श्रीमान्, सदस्य, | श्रीप्रसाद मोक्तान ज्यू | |
| १६ | श्रीमान्, सदस्य | हर्कमान सिंह कार्की ज्यू | |
| १७ | श्रीमान्, सदस्य, | तेजप्रसाद राई ज्यू | |
| १८ | श्रीमान्, सदस्य, | धर्मराज राई ज्यू | |
| १९ | श्रीमान्, सदस्य, | तुलसी शर्मा ज्यू | |

आज ०३६ साल पौष २१ गते बुधबारका दिन बसेको श्रीमान् अध्यक्ष शमशेर बहादुर गुरुङ ज्यू को अध्यक्षतामा वडेमा वडा नं २ को वार्ड बैठक बसी निम्न प्रस्ताव मा छलफल गरी निम्न प्रस्ताव लाई सर्वसम्मती गरि पारित गर्दछ।

प्रस्ताव नं १

निर्णय

श्रीमान् प्रधान पंच तथा उपप्रधान पंच बिदामा रहनु भएकोले बाहदहमा अनुपस्थितिमा यही पौष २८ गते श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाहको जन्म जयन्ती मनाउन बाधा पर्ने हुँदा श्रीमान् प्रधान पंच ज्यू को आदेश अनुसार बैठक बोलाईएकोमा उक्त जन्म जयन्ती मनाउन वडा अध्यक्ष श्री प्रसाद मोक्तान को अध्यक्षतामा निम्न लिखित श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाह जन्म जयन्ती समारोह समिति गठन गरियो।

श्रीमान्, ज्ञा. श्रीप्रसाद मोक्तान ज्यू, अध्यक्ष,
श्रीमान्, ज्ञा. दुर्गा खड्का ज्यू, सदस्य
श्रीमान्, ज्ञा. गणेशप्रसाद कोइराला ज्यू, सदस्य,

२/ श्री ५ मा सरकार का धरानमा ०३८ साल माघ १ गते देखि आँखा र दाँत सम्बन्धी चिकित्सा शिविर सञ्चालन गर्ने भएकोले सो का निमित्त आर्थिक सहायता उपलब्ध गराइपाउँ भनी समिति का सचिव श्री सुरेन्द्रप्रसाद उपाध्याय ज्यू को निवेदन माथी छलफल हुँदा रु. ५०००/- पाँच हजार सहयोग स्वरूप प्रदान गर्ने निर्णय गरियो।